# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

ढुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## आन्तरिक आय संकलन सम्वन्धि शिलबन्दि बोलपत्र आव्हानको सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति २०७७/०५/२१

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २(घ)६ अनुसार यस गाउँ कार्यपालिकाबाट आ.व. २०७७/०७८ अर्न्तगत २०७७ असोज १६ गते बाट २०७८ असार मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले स्थानीय राजश्व परामर्श समितिको सिफारीस एवं गाउँ कार्यपालिकाको निर्णयानुसार तोकिएको दर रेटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन **(IEE)** मा उल्लेखित अनुमती स्वीकृती प्राप्त खानी क्षेत्रहरुबाट स्विकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, ग्रावेल र माटो विक्रि एवं निकासी कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र शिलवन्दी बोलपत्र खरीद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | तोकिएको अवधिको लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम | स्वीकृत दर रेट | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | माल बस्तुको नाम | इकाई | करको दर रु (मु.अ.कर.बाहेक) |
| १ | १/IR/०७७/७८ | बेथानचोक गाउँपालिका क्षेत्र भित्रका खानी उत्खनन् हुने (ढुंगा, रोडा, गिट्टि, ग्राभेल, माटो,चिप्स, डस्ट आदी) को विक्रि कर | २२५८३७१४।- (दुइ करोड पच्चीस लाख त्रियासी हजार सात सय चौध रुपैया) | ५,०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | रोडा | प्रति घन फिट | रु ३।०० |
| | | | | | | स्लेट | प्रति वर्ग फिट | रु २।०० |
| | | | | | | ढुंगा, ग्राभेल,चिप्स, बेस लगायत अन्य सोहि प्रकृतीका सामान | प्रति घन फिट | रु २।०० |
| | | | | | | माटो | प्रति घन फिट | रु १।०० |
| | | | | | | | | |
| २ | २/IR/०७७/७८ | बेथानचोक गाउँपालिका क्षेत्र भित्र उत्पादन भई गाउँपालिका वाहिर निकासी हुने कर (ढुंगा, रोडा, गिट्टि, ग्राभेल, माटो ) | ३०६६४७२२।- (तीन करोड छ लाख चौसठ्ठी हजार सात सय बाइस रुपैया) | ५,०००/- | | रोडा, गिट्टि, ढुंगा, ग्राभेल,चिप्स र वेस लगायतका सामान | प्रति घन फिट | रु ३।०० |
| | | | | | | स्लेट | प्रति घन फिट | रु २।०० |
| | | | | | | माटो | प्रति घन फिट | रु १।०० |
| | | | | | | सिसौ, साल, चट्टा गोलिया, चिरान) | प्रति ट्रक | रु ३००।०० |
| | | | | | | अन्य काठ (चट्टा गोलया, चिरान) | प्रति ट्रक | रु २००।०० |

### ठेक्का सम्वन्धि शर्तहरु :

१. माथि उल्लेखित प्रत्येक विषयको लागि छुट्टा छुट्टै बोलपत्र फाराम भरी छुट्टा छुट्टै पेश गर्नु पर्नेछ।

२. बोलपत्र फाराम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरीक भए नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी, फर्मको हकमा अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७५/७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बेथानचोक गाउँपालिकाको नाममा ग्लोबल आइएमई बैक बेथानचोक शाखाको आन्तरिक राजश्व खाता नं. C५०४०१०००००५ मा रकम जम्मा गरेको भौचर साथै लिखित निवेदन संलग्न गरी मिति २०७७०५।२८गते कार्यालय समय भित्रमा बेथानचोक गाउँ कार्यपालिकाको कार्यालय ढुंखर्क काभ्रेपलाञ्चोकको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ।

३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ८ (आठौं) औं दिन मिति : २०७७०५।२९ को १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि वेलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

४. वोलपत्र पेश गर्दा आफूले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **ग्लोवल आई एम ई बैक, ढुंखर्क शाखा, काभ्रेपलाञ्चोकमा** रहेको धरौटी खाता नं. C५०१०१०००००२० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै बैंक जमानी पत्र (Bank Bid Bond) अनिवार्य रुपले शिलबन्दी वोलपत्र साथ पेश गर्नु पर्नेछ।

५. बोलपत्र भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. वोलपत्र स्वीकृत सम्वन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर समेत) रकम बैक दाखिला गरि तथा बाँकी रकमको कार्य सम्पादन जमानतपत्र सहित सम्झौता गर्न आउनु पर्नेछ।

७. ठेकेदारले सम्झौतामा तोकिएको विषय क्षेत्रमा वोलपत्र फाराम साथ संलग्न दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ। कर तथा सेवा शुल्कको दररेट बोलपत्र फाराम साथ उपलव्ध गराईनेछ।

८. यस सूचनामा उल्लेख भए बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको विक्रीको हकमा सम्वन्धित आयोजना (स्वीकृत **IEE** को परिधि भित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा बेथानचोक गाउँपालिकाले सम्वन्धित आयोजनाबाट विक्रि मूल्य असुल गर्नेछ।

९. स्वीकृत ठेक्काको ठेक्का किस्ता मु.अ.कर सहित देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ।

| क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | किस्ता बाफतको रकम |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | सम्झौताका वखत | ३ | तेस्रो | फाल्गुन मसान्त सम्ममा | सम्पूर्ण किस्ताको भार समान कवोल रकमको २५ प्रतिशत |
| २ | दोस्रो | मंसिर मसान्त सम्ममा | ४ | अन्तिम | जेष्ठ मसान्त सम्ममा | |

१०. ठेकेदार र कार्यालय विचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न बेथानचोक गाउँपालिकाले निर्णय गर्नेछ।

११. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी बहन गर्ने छैन। साथै, प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ।

१२. ठेक्का अवधिमा हुनसक्ने बन्द हडताल जस्ता सामान्य कारण केहीदिन कर संकलनको कार्यमा अवरोध भएमा कुनै किसिमको छुट/मिनाह दावी गर्न पाइने छैन। तर असामान्य एवम् विषम परिस्थितिका कारण कर संकलन कार्यमा अवरोध भई ठेक्का सम्झौता रकम असुल हुन नसक्ने अवस्था देखिएमा ठेकेदारले माग दावी गर्न सक्नेछ र सो सम्बन्धमा गाउँपालिकाले आवश्यक निर्णय लिन सक्नेछ।

१३. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ।

१४. जुन आ.व.को लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ।

१५. ढुंगा, गिट्टी, बालुवा ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ।

१६. प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कर्यालयमा सुरक्षित रहनेछ।

१७. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०७७/५/१८

प्रमुख प्रशासकीय अधिकृत